Australian Government | AusAlert™

# AusAlert™ घरेलु हिंसाबाट बाँचेका व्यक्तिहरूका लागि सुरक्षा मार्गदर्शिका

AusAlert अस्ट्रेलियाको नयाँ राष्ट्रिय चेतावनी प्रणाली हो। यसले नवीनतम प्रविधि प्रयोग गरी डढेलो, भीषण मौसम तथा सार्वजनिक स्वास्थ्य सँग सम्बन्धित आपातकालीन अवस्थाहरू जस्ता विपद्का समयमा उपयुक्त मोबाइल उपकरणहरूमा आपतकालीन सन्देश पठाउँछ।



**AusAlert सन्देशहरूले महत्त्वपूर्ण जानकारी साझा गर्दछन्, तर यसले लुकाइएका सुरक्षा उपकरणहरू सजिलै पत्ता लगाउन सक्ने सम्भावना पनि हुन्छ।**



## AusAlert केका लागि हो?

AusAlert स्थानीय तथा राष्ट्रिय आपातकालीन अवस्थाका समयमा समुदायलाई सूचित र राम्रोसँग तयारी अवस्थामा राख्न मद्दत गर्ने एक छिटो र भरपर्दो माध्यम हो। यसले अस्ट्रेलियाली सरकार तथा राज्य र क्षेत्रका आपतकालीन सेवा संस्थाहरूलाई राष्ट्रिय वा स्थानीय सतर्कता सन्देश पठाउने क्षमता प्रदान गर्दछ। विपद्का समयमा अस्ट्रेलियालीहरूलाई अझ सुरक्षित राख्न हामीले अपनाएका धेरै उपायहरूमध्ये यो पनि एउटा हो।

## AusAlert कस्तो सुनिन्छ?

यदि तपाईंका फोन, ट्याब्लेट वा स्मार्ट घडीहरू चालु छन् भने, AusAlert ले:

- यसलाई कम्पन गराउन सक्छ।
- 10 सेकेन्डसम्म सायरनजस्तो ठूलो आवाज बजाउन सक्छ
- स्क्रिन स्वतः खुल्न सक्छ।

**आवाज (भोल्युम) कम गरिएको वा उपकरण मौन (साइलेन्ट) अथवा 'डु नट डिस्टर्ब' मोडमा भए पनि यस्तो हुन सक्छ।**

## कसरी AusAlert सँगै सुरक्षित रहने

आपतकालीन अवस्थामा मानिसहरूको ध्यान छिट्टै आकर्षित गरी उनीहरूलाई सुरक्षित राख्न मद्दत गर्न AusAlert तयार गरिएको हो। **केही AusAlerts बन्द गर्न सकिँदैन।** सुरक्षा उपकरण प्रयोग गर्ने व्यक्तिहरूका लागि AusAlert प्राप्त हुनु चिन्ताको विषय हुन सक्छ, किनभने यसले ती उपकरणहरू सजिलै फेला पार्न सकिने बनाउन सक्छ, विशेषतः तिनिहरू लुकाइराख्नुपर्ने अवस्थामा।

### तपाईंले के गर्नुपर्छ

यदि तपाईंलाई वा तपाईंले ख्याल गर्ने कसैलाई AusAlert प्राप्त हुनु असुरक्षित हुन सक्छ भन्ने लाग्छ भने:

- आफ्नो सुरक्षा उपकरणहरू बन्द राख्नुहोस् वा
- aeroplane mode [एरोप्लेन मोड] मा राख्नुहोस् (यदि उपलब्ध छ भने) तर
- आवश्यक परेमा मात्र प्रयोग गर्नुहोस्।

**याद राख्नुहोस् – तपाईंको उपकरण एरोप्लेन मोडमा भए पनि वाई-फाई (Wi-Fi) प्रयोग गर्न सकिन्छ। यदि एरोप्लेन मोडमा छैन भने, यसलाई बन्द गर्नुहोस्।**



## मेरो उपकरणलाई कसरी बन्द गर्ने?

**Apple (iPhone र Apple Watch जस्ता iOS उपकरणहरू)**

**यदि तपाईंको उपकरणले Face ID प्रयोग गर्छ भने:**

- 'Sliders' [स्लाइडर] नदेखिएसम्म दायाँपट्टिको बटन र कुनै एउटा भोल्युम बटन एकैचोटि थिचिराख्नुहोस्
- 'Slide to power off' [स्लाइड टु पावर अफ] स्लाइडरलाई बायाँबाट दायाँतिर तान्नुहोस्।

**यदि तपाईंको उपकरणमा होम (Home) बटन छ भने:**

- 'Sliders' [स्लाइडर] नदेखिएसम्म दायाँ छेउको बटन थिचिराख्नुहोस्
- 'Slide to power off' [स्लाइड टु पावर अफ] स्लाइडरलाई बायाँबाट दायाँतिर तान्नुहोस्।

उपकरण पुनः चालु गर्न, Apple लोगो नदेखिएसम्म दायाँपट्टिको बटन थिचिराख्नुहोस्।

कृपया ध्यान दिनुहोस्: Apple iPad हरूले AusAlert सन्देश प्राप्त **गर्दैनन्**।


**Android (फोन, केही ट्याब्लेटहरू र स्मार्ट घडीजस्ता उपकरणहरू)**

Android उपकरणहरूका लागि:

- पावर मेनु नदेखिएसम्म उपकरणको बायाँ वा दायाँपट्टिको पावर बटन थिचेर राख्नुहोस्।
- 'Power Off' [पावर अफ] बटन थिच्नुहोस्।

उपकरण पुनः चालु गर्न, उपकरण निर्माता कम्पनीको (चिन्ह) नदेखिएसम्म पावर बटन थिचेर समात्नुहोस्।

**तपाईंको जिम्मामा रहेका बालबालिकाले प्रयोग गर्ने सुरक्षा उपकरण पनि बन्द गर्न सम्झनुहोस्।**



## मेरो उपकरणलाई एरोप्लेन (aeroplane) मोडमा कसरी राख्ने?

**Apple (iPhone र Apple Watch जस्ता iOS उपकरणहरू)**

एरोप्लेन मोड सक्रिय गर्न:

- 'Settings' [सेटिंग] मा जानुहोस्
- 'Aeroplane Mode' [एरोप्लेन मोड] टगल अन (चालु) गर्नुहोस्
- स्क्रिनको माथिल्लो भागमा हवाईजहाज जस्तो चिन्ह (एरोप्लेन आइकन) देखिनुपर्छ।

एरोप्लेन (aeroplane) मोड फेरि बन्द गर्न:

- 'Settings' [सेटिंग] मा जानुहोस्
- 'Aeroplane Mode' [एरोप्लेन मोड] टगल अफ (बन्द) गर्नुहोस्
- स्क्रिनको माथिको हवाईजहाज जस्तो चिन्ह (एरोप्लेन आइकन) हराउनु पर्छ।

कृपया ध्यान दिनुहोस्: Apple iPad हरूले AusAlert सन्देश प्राप्त **गर्दैनन्**।

**Android (फोन, केही ट्याब्लेटहरू र स्मार्ट घडीजस्ता उपकरणहरू)**

एरोप्लेन मोड सक्रिय गर्न:


- 'Settings' [सेटिंग] मा जानुहोस्
- 'Network & internet' [नेटवर्क एन्ड इन्टरनेट] मा थीचनुहोस्
- 'Aeroplane Mode' [एरोप्लेन मोड] टगल अन (चालु) गर्नुहोस्
- स्क्रिनको माथिल्लो भागमा हवाईजहाज जस्तो चिन्ह (एरोप्लेन आइकन) देखिनुपर्छ।

एरोप्लेन (aeroplane) मोड फेरि बन्द गर्न:

- 'Settings' [सेटिंग] मा जानुहोस्
- 'Network & internet' [नेटवर्क एन्ड इन्टरनेट] मा थीचनुहोस्
- 'Aeroplane Mode' [एरोप्लेन मोड] टगल अफ (बन्द) गर्नुहोस्
- क्रिनको माथिको हवाईजहाज जस्तो चिन्ह (एरोप्लेन आइकन) हराउनु पर्छ।

## AusAlert कस्तो देखिन्छ?

तपाईंको उपकरणको प्रकार र सञ्चालन प्रणाली (अपरेटिङ सिस्टम) अनुसार, AusAlert को सन्देश यस्तो देखिन सक्छ:




स्क्रिनमा देखाइएका AusAlert सन्देशहरू उदाहरण मात्र हुन् र वास्तविक AusAlert हैनन्।

## तपाईं AusAlert मा भरोसा गर्न सक्नुहुन्छ

AusAlert अस्ट्रेलियाली सरकारले विकास गरेको हो र सुरक्षित छ। आधिकारिक आपतकालीन सेवा संस्थाहरू र अस्ट्रेलियाली सरकारले मात्र AusAlert पठाउन सक्छन्।

AusAlert **ले निम्न कुराहरू गर्दैन:**

- तपाईंलाई दर्ता गर्न आवश्यक पार्दैन
- व्यक्तिगत वा वित्तीय विवरण माग्दैन
- तपाईंको व्यक्तिगत जानकारी वा फोन नम्बर थाहा पाउँदैन वा भण्डारण गर्दैन
- तपाईंको उपकरण साझा आइडीसँग जोडिएको भए पनि तपाईंको स्थान ट्र्याक (निगरानी) गर्दैन वा स्थानको  इतिहास साझा गर्दैन।

## यदि मेरो सुरक्षा उपकरणमा AusAlert आएमा के गर्ने?

यदि तपाईंको सुरक्षा उपकरण चालु छ र AusAlert प्राप्त भयो भने, यसले लगभग 10 सेकेन्डसम्म **सायरनजस्तो ठूलो आवाज** निकाल्छ र त्यसपछि बन्द हुन्छ। यो सामान्यतः एक पटकमात्र हुनुपर्छ, यद्यपि आपतकालबारे नयाँ जानकारी आएमा अर्को सतर्कता चेतावनी आउन सक्छ।

शान्त रहने प्रयास गर्नुहोस्। **यदि तपाईं सुरक्षित हुनुहुन्न भने, तुरुन्तै 000 मा फोन गर्नुहोस्** र आफ्नो सुरक्षा योजना पालना गर्नुहोस्।

यदि सुरक्षित छ भने, AusAlert सन्देश पढ्नुहोस् र आफू तथा अरूलाई सुरक्षित राख्न दिइएका निर्देशनहरू पालना गर्नुहोस्।

## सूचित रहनुहोस्

विपद्का समयमा सुरक्षित रहने उपायहरूमध्ये AusAlert एउटा मात्र हो। तपाईं स्थानीय वा राष्ट्रिय टिभी वा रेडियो पनि खोल्न सक्नुहुन्छ, आपातकालीन सेवा एपहरू जाँच गर्न सक्नुहुन्छ, थप जानकारीका लागि अनलाइन खोज्न सक्नुहुन्छ वा परिवार, साथीभाइ वा छिमेकीहरूलाई सम्पर्क गर्न सक्नुहुन्छ।

### सहयोग र सुझाव

**यदि तपाईं आफ्नो तत्काल सुरक्षाबारे चिन्तित हुनुहुन्छ भने, 000 मा फोन गर्नुहोस्।**

सुझाव वा सहयोगका लागि:

- आफ्नो सुरक्षाबारे 1800 737 732 मा 1800RESPECT मा फोन गर्नुहोस्
- आफ्नो स्थानीय क्षेत्रमा, ANROWS वेबसाइट **anrows.org.au/support-directory** हेर्नुहोस्
- यदि तपाईं आदिवासी वा टोरेस स्ट्रिट टापुबासी हुनुहुन्छ भने, 13 92 76 मा 13YARN मा फोन गर्नुहोस्।

DFV-Live

थप जानकारीका लागि, **ausalert.gov.au मा हेर्नुहोस्**